# सत्य निरुपण तथा मेलमिलाप आयोग
# पीडित परिचयपत्र वितरण कार्यविधि , २०७७

(आयोगबाट स्वीकृत मितिः- २०७७/९/२)

<u>प्रस्तावना:</u> सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन भएको भनी प्राप्त उजूरीमा आयोगबाट छानविन हुँदा पहिचान भएका पीडितलाई परिचयपत्र उपलब्ध गराउनका लागि आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहायको कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "पीडित परिचयपत्र वितरण कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अधिकारप्राप्त अधिकारी" भन्नाले पीडित परिचय-पत्र प्रदान गर्न आयोगद्वारा अख्तियारी प्राप्त अधिकारी सम्झनु पर्छ ।

(ख) "आयोगको कार्यालय" भन्नाले काठमाडौं उपत्यकामा रहेको आयोगको कार्यालय सम्झनु पर्छ र सो शब्दले आयोगको मुकाम कार्यालयलाई समेत जनाउँछ।

(ग) "घटनाको छानविन" भन्नाले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन भएको भनी दर्ता हुन आएको उजूरीमा आयोगबाट ऐन, नियमावली तथा निर्देशिका बमोजिम गरिने छानविनको कार्य सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ सम्झनु पर्छ ।

(ङ) "परिचयपत्र" भन्नाले नियमावलीको अनुसूची-१७ बमोजिमको पीडित परिचयपत्र सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गाँउपालिका, नगरपालिका, उपमहानगपालिका वा महानगरपालिका सम्झनु पर्छ ।

३. परिचयपत्र प्रदान गर्नेः (१) ऐनको दफा १३ को उपदफा (१) को खण्ड (ख) बमोजिम यकिन भएको पीडितलाई अधिकार प्राप्त अधिकारीले आयोगको कार्यालयबाट नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा परिचयपत्र प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पीडितलाई परिचयपत्र वितरण गर्नु पूर्व आयोगले सार्वजनिक सञ्चारका माध्यमबाट परिचयपत्र वितरण गर्ने सम्बन्धमा जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगको कार्यालयमा उपस्थित हुन नसक्ने पीडितलाई आयोगले सम्बन्धित स्थानीय तह मार्फत परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

४. परिचयपत्र उपलब्ध गराउने आधारः (१) दफा ३ बमोजिम परिचयपत्र वितरण गर्दा पीडितलाई देहायको कागजातको आधारमा उपलव्ध गराईनेछः-

(क) पीडित तथा निजको परिवारको सदस्यको नेपाली नागरिकता प्रमाणपत्र वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा स्थायी लेखा नम्वर वा राहदानी वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि,

(ख) नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि वा नावालक परिचयपत्रको प्रतिलिपि,

(ग) पीडितसँग नाता खुलेको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(घ) हालसालै खिचिएको चार प्रति पासपोर्ट साइजको फोटो,

(ङ) तस्वीरमा समेत प्रमाणीत हुने गरी सम्बन्धित व्यक्ति पीडित भएको व्यहोराको स्थानीय तहको सिफारिश ।

(३) उपदफा (२) बमोजिमको कागजात आयोगको कार्यालयमा रहेको मिसिलसाथ संलग्न नभएको अवस्थामा आयोगले पीडितसँग त्यस्तो कागजात उपलब्ध गराउन माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम माग भएमा पीडितले आयोगले माग गरे बमोजिमको कागजात उपलव्ध गराउनु पर्नेछ ।

५. सामान्य त्रुटी सच्याउन सक्नेः यस कार्यविधि बमोजिम प्रदान गरिएको परिचयपत्रमा कुनै भाषिक, नाता सम्बन्ध, अङ्क जस्ता सामान्य त्रुटी देखिएमा आयोग आफैले वा पीडितको

अनुरोधमा अधिकार प्राप्त अधिकारीले परिचयपत्रमा उल्लिखित विवरणमा देखिएका सामान्य त्रुटीलाई सच्याउन सक्नेछ।

६. <u>प्रतिलिपि उपलब्ध गराउने:</u> (१) यस कार्यविधि बमोजिम प्रदान गरिएको परिचयपत्र च्यातिएमा, हराएमा, विग्रिएमा वा नासिएमा त्यस्तो परिचयपत्र बाहक व्यक्तिले स्थानीय तहको सिफारिस सहित आयोगको कार्यालय समक्ष अनुसूची -१ बमोजिमको ढाँचामा वा आयोग विघटन भईसकेको अवस्थामा नेपाल सरकारको सम्बन्धित मन्त्रालयसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा अधिकार प्राप्त अधिकारी वा आयोग विघटन भईसकेको अवस्थामा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले आवश्यक जाँचवुझ गर्दा व्यहोरा मनासिव देखिएमा परिचयपत्रको प्रतिलिपि उपलव्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कसैले जानीबुझी त्यस्तो परिचयपत्र बिगारेको, केरमेट गरेको वा सच्याइएको पाइएमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

७. <u>परिचयपत्र रद्द गरिने:</u> (१) कसैले देहाय बमोजिम परिचयपत्र लिएको प्रमाणित हुन आएमा आयोगले वा आयोग विघटन भईसकेको अवस्थामा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट जुनसुकै बखत त्यस्तो परिचयपत्र रद्द गर्नेछः

(क) झुठ्ठा तथा गलत विवरण पेश गरी परिचयपत्र लिएको देखिएमा,

(ख) वास्तविक पीडित बाहेक अन्य व्यक्तिले परिचयपत्र लिएको वा परिचयपत्रको दुरुपयोग गरेको देखिएमा,

(ग) वास्तविक पीडितको अनुमति वा जानकारीमा अन्य व्यक्तिले परिचय पत्रको दुरुपयोग गरी परिपूरण, क्षतिपूर्ति, राहत वा कुनैपनि प्रकारको सुविधा वा सहुलियत लिए खाएको देखिएमा ।

(२) उपदफा (१) बमोजिम कसैले परिचयपत्रको दुरुपयोग गरी परिपूरण स्वरुप क्षतिपूर्ति वा अन्य कुनै सुविधा वा सहुलियत लिईसकेको भएमा सो समेत वन्द गरी त्यस्तो व्यक्तिले लिए खाएको सम्पूर्ण रकम सरकारी बाँकी सरह निजवाट असूल गरिनेछ ।

८. <u>परिचयपत्र अभिलेख तयार गर्नुपर्ने:</u> दफा ४ बमोजिम उपलब्ध गराईएको परिचयपत्र, दफा ५ बमोजिम त्रुटी सच्याईएको, दफा ६ को उपदफा (२) बमोजिम प्रतिलिपि प्रदान गरिएको तथा उपदफा (२) बमोजिम गरिएको कारवाहीको विवरण तथा दफा ७ बमोजिम परिचयपत्र रद्द गरिएको पीडित परिचयपत्र सम्बन्धी अभिलेख आयोगले अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरि राख्नु पर्नेछ ।

९. जानकारी उपलब्ध गराउने: दफा ८ बमोजिम तयार गरिएको पीडित परिचयपत्रको अभिलेख आयोगले अर्धवार्षिक रुपमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र गृह मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

१०. परिचयपत्रको मान्यता: यस कार्यविधि बमोजिम प्रदान गरिएको पीडित परिचयपत्र ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमका काम कारवाहीका अतिरिक्त देहायको प्रयोजनका लागि मान्य हुनेछ:-

(क) ऐन तथा नियमावली बमोजिम आयोगको सिफारिसमा पीडितलाई नेपाल सरकारले प्रदान गर्ने परिपूरण तथा क्षतिपूर्ति प्राप्त गर्न, पुनरुद्धार वा पुनर्स्थापन गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न,

(ख) ऐन तथा नियमावली बमोजिम आयोगको सिफारिसमा पीडितलाई नेपाल सरकारले प्रदान गर्ने शारीरिक वा मानसिक उपचार गराउन वा मनोविमर्श प्रदान गर्न,

(ग) ऐन तथा नियमावली बमोजिम आयोगको सिफारिसमा पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई उपलब्ध गराउने सुविधा वा सहुलियत प्राप्त गर्न,

(घ) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले पीडित वा निजको परिवारको कुनै सदस्यलाई सुविधा तथा सहुलियत उपलब्ध गराउने निर्णय गरेकोमा त्यस्तो निर्णय बमोजिमको सुविधा वा सहुलियत प्राप्त गर्न ।

११. शुल्क नलाग्ने: यस कार्यविधि बमोजिम परिचयपत्रको लागि निवेदन दिन, त्रुटी सच्याउन तथा प्रतिलिपि लिन कुनै शुल्क लाग्ने छैन ।

१२. परिचयपत्र बुझाउनु पर्ने : कसैको हराएको पीडित परिचयपत्र प्राप्त गर्ने व्यक्तिले उक्त परिचयपत्र आयोगको कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा स्थानीय तह वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु पर्नेछ।

१३. आयोगको निर्णय बमोजिम हुने: यस कार्यविधिमा लेखिएको कुरामा यसै कार्यविधि बमोजिम हुने र अन्य कुराको हकमा आयोगको निर्णय बमोजिम हुनेछ।

अनुसुची-१

(दफा ६ सँग सम्बन्धित)

परिचयपत्रको प्रतिलिपि पाउन दिनुपर्ने निवेदनको ढाँचा

मितिः

श्री सत्य निरुपण तथा मेलमिलाप आयोग,
मुकाम कार्यालय............................

विषय : पीडित परिचयपत्रको प्रतिलिपि पाउँ।

आयोगले म/हामीलाई मिति २०७./../.. मा जारी गरेको ....... नं./ ....... प्रदेश/.......जिल्ला/.......पालिकाको पीडित परिचय-पत्र च्यातिएको/ हराएको/ विग्रिएको / नासिएकोले पीडित परिचयपत्रको प्रतिलिपि पाउँ भनी यो निवेदन पेश गरेको छु।छौं ।
(सम्भव भएसम्म पीडित परिचयपत्रको नक्कल पेश गर्ने)

उजूरी दर्ता नं.:- घटना भएको जिल्ला, स्थान र मिति :-
उजूरीको विषयः-
निवेदकको नाम थर.......................................
ठेगानाः ............ प्रदेश, ............ जिल्ला, ..................पालिका, वडा नं. ......, .................. टोल

यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहूँला बुझाँउला ।

हस्ताक्षर........................

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसुची-२

(दफा ८ सँग सम्बन्धित)

(पीडित परिचय पत्र अभिलेखको ढाँचा)

सत्य निरुपण तथा मेलमिलाप आयोग

पीडित परिचयपत्र अभिलेख

परिचयपत्र वितरण गर्ने कार्यालय :-

| क्र.सं | परिचयपत्र नं | उजूरी दर्ता नं. र उजूरीको विषय | घटना भएको जिल्ला र मिति | परिचयपत्र बाहकको नाम, थर तथा ठेगाना | मृतक भएकोमा मृतकको नाम थर | परिचयपत्र बाहकको नागरिकता नं./जिल्ला वा परिचय खुल्ने कागजात | नाता सम्बन्ध | परिचयपत्र प्रदान गर्ने अधिकारीको नाम र पद | परिचय पत्र बाहकको हस्ताक्षर | परिचयपत्र बाहकको फोटो | सामान्य त्रुटी सच्याईएको भए सो को विवरण | प्रतिलिपि लिएको भए मिति र हस्ताक्षर | कारवाही गरिएको वा परिचयपत्र रद्द गरिएको भए सो को विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |